स्थानीय सरकार

# कैलाश गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कालिकाटार, मकवानपुर

बागमती प्रदेश, नेपाल।

प.स.: २०८३/०८४

च.नं.: १५४

मितिः- २०८३/०४/२६ गते

**बिषयः आगलागिबाट अभिलेख नष्ट भएको सम्बन्धमा पुनः दर्ता तथा नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना।**

यस कैलाश गाउँपालिका कार्यालयमा मिति २०७७/०२/१५ गतेमा भएको आकस्मिक आगलागि दुर्घटनाका कारण कार्यालयको सट्टापट्टा, दर्ता शाखा तथा भण्डार शाखा सहित अन्य शाखमा रहेका कतिपय पुराना भौतिक फाइलहरू, निर्माण व्यवसायी इजाजतपत्र दर्ता किताब सहित अन्य महत्वपूर्ण अभिलेखहरू जलेर पूर्ण रूपमा नष्ट हुन गएको ब्यहोरा सर्वविदितै छ। उक्त अप्रत्याशित घटनाका कारण यस पालिकामा दर्ता भई व्यवसाय गरिरहनुभएका निर्माण व्यवसायीहरू, फर्महरू तथा अन्य सेवाग्राहीहरूको नवीकरण, कर मिलान लगायतका प्रशासनिक कार्यहरूमा बाधा पुग्न गएको प्रति कार्यालय दुःख व्यक्त गर्दछ। तसर्थ, सेवाग्राहीहरूको सुविधा तथा कार्यालयको अभिलेखलाई पुनः व्यवस्थित (Re-create) गर्ने उद्देश्यका साथ यो सूचना प्रकाशित गरिएको छ। यस पालिका अन्तर्गत दर्ता भई कार्य गरिरहनुभएका सम्पूर्ण निर्माण व्यवसायी, फर्म तथा सम्बन्धित सरोकारवालाहरूले आफ्नो व्यवसाय / फर्मको **नवीकरण तथा पुनः दर्ता कायम गर्नका लागि** यो सूचना प्रकाशित भएको मितिले **३० (तीस) दिनभित्र** निम्न बमोजिमका कागजातहरू सहित यस कार्यालयको राजश्व/प्रशासन शाखामा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**

१. साविकमा यसै पालिकाबाट जारी भएको निर्माण व्यवसायी इजाजतपत्र / फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि (भए सम्म)।

२. घरेलु तथा साना उद्योग कार्यालय बाट जारी गरिएको घरेलु दर्ता प्रमाणपत्रको प्रतिलिपि।

३. आन्तरिक राजस्व कार्यालयबाट प्राप्त स्थायी लेखा नम्बर (PAN/VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि।

४. पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र (Tax Clearance Certificate)।

५. प्रोप्राइटर / सञ्चालकको नागरिकताको प्रतिलिपि र पासपोर्ट साइजको फोटो २ प्रति।

६.साविकमा पालिकामा व्यवसाय दर्ता वा नवीकरण गर्दा राजस्व तिरेको बैंक भौचर वा रसिद(उपलब्ध भएसम्म)।

७. सम्बन्धित व्यवसायीको विवरण खुलाइएको र पुनः दर्ता/नवीकरणका लागि गरिएको आधिकारीक निवेदन।

तोकिएको म्यादभित्र आवश्यक कागजात सहित उपस्थित भई अभिलेख अध्यावधिक नगराएमा सोको कारणबाट हुन जाने ढिलाइ वा कानुनी जटिलताको जिम्मेवार सम्बन्धित व्यवसायी स्वयं नै हुनुपर्ने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

(थप जानकारीका लागि कार्यालयको फोन नं. ९८५५०८८२६६/९८४८७८४६४३ वा इमेल info@kailashmun.gov.np मा सम्पर्क गर्न सकिनेछ।)

.....................

सिता कुमारी खत्री

प्रमुख प्रशासकिय अधिकृत